सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १९३ ♦ २०८२ साल चैत्र ५ विहिवार ♦ 19 March 2026 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

## व्यवस्थापन कमजोरी र औषधि अभावले मधेशको स्वास्थ्य प्रणाली संकटमा

**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, बर्दिवास**




मधेश प्रदेशको सरकारी स्वास्थ्य सेवा प्रणाली अहिले गम्भीर संकटको सामना गरिरहेको छ। प्रदेश सरकारको कमजोर व्यवस्थापन, लापरबाही र आन्तरिक विवादका कारण अस्पतालदेखि जनस्वास्थ्य प्रयोगशालासम्मका सेवा प्रभावित भएका छन्, जसको सबैभन्दा बढी मार गरिब तथा विपन्न नागरिकले बेहोर्नु परेको छ।

पछिल्ला दुई आर्थिक वर्षदेखि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक औषधि र स्वास्थ्य सामग्री समयमै उपलब्ध गराउन नसक्दा प्रादेशिक अस्पतालहरूको अवस्था झन् बिग्रिँदै गएको छ। कागजमा निःशुल्क भनिएका ९८ प्रकारका औषधि व्यवहारमा उपलब्ध नहुँदा बिरामीहरू महँगो मूल्य तिरेर निजी पसलबाट औषधि किन्न बाध्य छन्।

संघीय सरकारमार्फत आउने खोप, क्षयरोगसम्बन्धी औषधि तथा केही सीमित सामग्री नियमित आए पनि प्रदेश सरकारको जिम्मेवारीमा पर्ने अत्यावश्यक औषधिहरू अभावमै छन्। यसको सीधा असर दैनिक ज्यालादारी गर्ने र कमजोर आर्थिक अवस्थाका नागरिकमा परेको छ।

अस्पताल सेवामा गिरावट आउँदै जाँदा प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको अवस्था झन् चिन्ताजनक बनेको छ। आवश्यक केमिकल र सामग्री अभावका कारण पहिले करिब ३०० प्रकारका परीक्षण हुँदै आएको प्रयोगशाला अहिले करिब १०० सामान्य परीक्षणमा सीमित भएको छ।

स्वास्थ्य मन्त्रालयभित्रको आन्तरिक विवाद, पदस्थापनामा

*बाँकी पृष्ठ ३ मा*

## कांग्रेस सभापति गगन थापाले दिए राजीनामा



**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, बर्दिवास**

नेपाली कांग्रेसका सभापति गगन थापाले राजीनामा दिएका छन् । गत फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका थापाले बुधबार नै उपसभापति विश्वप्रकाश शर्मालाई राजीनामा बुझाएका हुन् ।

यसअघि काठमाडौं-४ बाट निर्वाचित हुँदै आएका थापा यसपटक सर्लाही-४ बाट उम्मेदवार थिए । उनलाई रास्वपाका डा अमरेशकुमार सिंहले पराजित गरे ।

रास्वपाले झन्डै दुई तिहाइ सिट प्राप्त गर्दा दोस्रो भएको कांग्रेसले प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी ३८ सिट मात्रै प्राप्त गरेको छ ।

चुनावी नतिजापछि राजीनामाको तयारी गरेका थापालाई पार्टीका विभिन्न तहका नेताहरुले राजीनामा नदिन सुझाव र दबाब दिँदै आएका थिए ।

थापा निर्वाचनअघि भएको विशेष महाधिवेशनबाट सर्वसम्मत सभापति निर्वाचित भएका थिए । थापाले दिएको राजीनामाबारे पार्टीको आगामी बैठकले निर्णय लिनेछ । केन्द्रीय कार्यसमिति बैठक शुक्रबार बोलाइएको छ ।

## एक युवती आफ्नै घरमा मृत भेटिएपछि ,श्रीमान् पक्राउ

**खबर दर्पण समाचारदाता**

**चैत्र ४ गते, महेन्द्रनगर**




धनुषामा अन्तरजातीय विवाह गरेकी एक युवती मृत अवस्थामा फेला परेकी छन् । गणेशमान चारनाथ नगरपालिका-४ निवासी २५ वर्षीया विभाकुमारी महतो मंगलबार दिउँसो आफ्नै घरमा झुन्डिएको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

मृतक विभाले पाँच वर्षअघि मुकेश धनखोटी यादवसँग भागी विवाह गरेकी थिइन् । दुवैबीच लामो समयदेखि सन्तान नभएको विषयलाई लिएर घरायसी विवाद हुने गरेको र सोही कारण विभामाथि शारीरिक तथा मानसिक यातना दिइएको माइती पक्षको आरोप छ ।

मृतकका दाजु मनिषकुमार महतोका अनुसार विभाको शरीरमा नीलडाम देखिएको भन्दै उनको हत्या गरिएको हुनसक्ने आशंका गरिएको छ । उनले बहिनीको मृत्यु शंकास्पद रहेको भन्दै कानुनी कारबाहीको माग गरेका छन् ।

उक्त घटनाबारे मृतकका पति मुकेशविरुद्ध आत्महत्या दुरुत्साहनको आरोपमा प्रहरीमा जाहेरी दर्ता गरिएको छ । जाहेरीका आधारमा प्रहरीले मुकेशलाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेश बमले घटनाबारे सूक्ष्म अनुसन्धान भइरहेको जानकारी दिनुभयो । घटनाको वास्तविकता पत्ता लगाउन आवश्यक प्रक्रिया अगाडि बढाइएको प्रहरीको भनाइ छ ।



# मधेश प्रदेशसभामा नेकपा चौथो ठूलो दल, दलका नेता भट्टराई

**खबर दर्पण समाचारदाता**
**चैत्र ४ गते, बर्दिवास**



मधेश प्रदेशमा जनमत नेपाली कम्युनिष्ट पार्टी (नेकपा) १५ सिट सहित चौथो ठूलो दल बनेको छ ।

विगतमा भएको नेकपा माओवादी केन्द्र (७), नेकपा एकीकृत समाजवादी (७) र नागरिक उन्मुक्ति पार्टी (१) मिल्दा मधेश प्रदेशमा नेकपा १५ सिट भएको छ ।

२०७९ को निर्वाचन परिणाम अनुसार माओवादी केन्द्र ९, नेकपा एकीकृत समाजवादीको ७ र नागरिक उन्मुक्तिका १ सिट थियो । तर, माओवादी केन्द्रका दुई प्रदेश सांसद भर तप्रसाद साह र रहबर अंसार गत फागुन २१ को चुनाव लड्न सांसद पद त्यागेका थिए। दलका नेतासमेत रहेका साह महोत्तरी ४ बाट पराजित मात्र भएन जमानत समेत जफत भयो । अंसार बारा ४ मा रास्वपाबाट फराकिलो मतअन्तरले जित हात पारे ।

माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्तिको एकीकरणपछि मधेशमा नेकपाको संसदीय दलका नेता युवराज भट्टराईलाई तोकिएको छ । उनी यसअघि माओवादी केन्द्रका दलका उपनेता थिए । मधेश प्रदेश सरकारमा नेकपाको अहिले ३ वटा मन्त्रालय छ ।

१०७ सदस्य मधेश प्रदेशसभामा अहिले ५ सिट रिक्त रहेको छ । हाल मधेश प्रदेशसभामा एमालेको २४, कांग्रेसको २२, जसपा नेपालको १९, नेकपा १५, जनमतको १२, लोसपाको ८, नेपाल संघीय समाजवादीको १ सिट छ ।

# मटिहानीमा प्रहरी चौकीको नयाँ प्रशासनिक भवन उद्घाटन



**खबर दर्पण समाचारदाता**
**चैत्र ४ गते, बर्दिवास**

मधेश प्रदेशअन्तर्गत महोत्तरी जिल्लाको मटिहानीस्थित प्रहरी चौकीको नवनिर्मित प्रशासनिक भवन बिहिवार एक समारोहबीच उद्घाटन गरिएको छ।

भवनको उद्घाटन मटिहानी नगर पालिकाका नगर प्रमुख हरी प्रसाद मण्डल, महोत्तरीका निमित्त प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेल, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्भ शर्मा तथा वडा नं. ६, ७, ८ र ९ का वडा अध्यक्षहरूले संयुक्त रूपमा गर्नुभएको हो।

उद्घाटन समारोहमा बोल्दै नगर प्रमुख मण्डलले भवन निर्माणमा सहयोग पुर्‍याउने सबैप्रति आभार व्यक्त गर्दै सुरक्षा र विकासलाई सँगसँगै अघि बढाउने नीति नगर पालिकाको प्राथमिकतामा रहेको बताउनुभयो। स्थानीय तह स्थापना भएपछि दुई वटा प्रहरी चौकी भवन निर्माण गरिएको उहाँले जानकारी दिनुभयो।

कार्यक्रममा प्रहरी उपरीक्षक शर्माले प्रहरीको भूमिका भौतिक उपस्थितिमा मात्र सीमित नर ही यसको प्रभावकारिता समाजले मूल्याङ्कन गर्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले प्रहरीका सकारात्मक कार्यको चर्चा हुनुपर्ने र कमजोरी भए आलोचना पनि आवश्यक रहेको धारणा राख्नुभयो।

मटिहानी नगरपालिकाको नगर तथा वडास्तरीय संयुक्त योजनाअन्तर्गत करिब रु ३२ लाखको लागतमा उक्त भवन निर्माण गरिएको पालिकाका प्राविधिक दिनेश साहले जानकारी दिनुभयो। नव-निर्मित भवनमा हल, थुनुवा कक्ष, चौकी प्रमुख कक्ष, सहायक चौकी प्रमुख कक्ष, स्टोर र कार्यालय कक्षको व्यवस्था गरिएको छ।

समारोहमा नेपाली सेनाको गोर खनाथ गण परिकौलीका गणपति राम प्रसाद लामिछाने, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका उपअनुसन्धान निर्देशक चन्दन झा, विभिन्न वडाका अध्यक्ष, कार्यपालिका सदस्य, नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश दास लगायत राजनीतिक दलका प्रतिनिधि, व्यवसायी तथा स्थानीयवासीको उपस्थिति रहेको थियो।

# टुप्पीले चर्चामा महोत्तरी-३ का सांसद झा

**खबर दर्पण समाचारदाता**
**चैत्र ४ गते, बर्दिवास**



महोत्तरी निर्वाचन क्षेत्र नम्बर-३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित उज्ज्वल कुमार झा आफ्नो विशिष्ट पहिचानका कार ण यतिबेला राष्ट्रियस्तरमै चर्चामा आएका छन्। करिब डेढ फिट लामो टुप्पी (टिकी) राख्ने उनको शैलीले राजनीतिक वृत्तसँगै सञ्चारमाध्यम र सामाजिक सञ्जालमा समेत ध्यान आकर्षित गरेको हो।

प्रारम्भिक चरणमा उनको टुप्पीलाई लिएर विभिन्न टिप्पणी भए पनि समयक्रममा यही विशेषता उनको छुट्टै पहिचानका रूपमा स्थापित भएको छ। विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) द्वारा काठमाडौंमा आयोजित दुई दिने अभिमुखीकरण कार्यक्रममा सहभागी भएपछि उनको टुप्पीले थप चर्चा पाएको देखिएको छ।

उक्त कार्यक्रममा उनी सवारीबाट ओर्लिनेबित्तिकै सञ्चारकर्मीहरूको ध्यान उनको टुप्पीतर्फ केन्द्रित भएको थियो। त्यसयता उनका तस्बिरहरू विभिन्न अनलाइन माध्यममा प्रमुख सामग्रीका रूपमा प्रकाशित भइरहेका छन्। हाल उनलाई धेरैले नामभन्दा पनि 'टुप्पी सांसद' भनेर चिन्ने गरेका छन्।

झाले टुप्पीलाई व्यक्तिगत रुचिका रूपमा राख्दै आएका हुन्। निर्वाचन अभियानका क्रममा घरदैलो कार्यक्रममा समेत उनको टुप्पी मतदाताका लागि नयाँ र आकर्षक विषय बनेको थियो, जसले उनलाई भीडमा अलग देखिन सहयोग गरेको थियो।

यसअघि पञ्चायतकालमा महोत्तरीका कुलानन्द झा हातमा बोकेको लठीका कारण परिचित थिए। अहिले उनका नाति उज्ज्वल कुमार झा भने टुप्पीकै कारण फरक पहिचान बनाउन सफल भएका छन्।

हालै सम्पन्न निर्वाचनमा निकटतम प्रतिस्पर्धीभन्दा झण्डै तेब्बर मत ल्याएर विजयी भएका उनले काठमाडौंमा पनि आफ्नो फरक शैलीमार्फत सबैको ध्यान खिच्दै छुट्टै छाप छोड्न सफल भएका छन् ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२, ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

खबर दर्पण
राष्ट्रिय दैनिक



# रास्वपामा गुटबन्दीको गन्ध ! अभिमुखीकरण कार्यक्रममा साह र सिंह सहभागी नहुँदा शंका-उपशंका

**खबर दर्पण समाचारदाता**
**चैत्र ३ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टीले नवनिर्वाचित सांसदहरुको लागि आयोजना गरेको दुई दिने अभिमुखीकरण कार्यक्रममा नेपालको भावी प्रधानमन्त्री बालेन्द्र साह सहभागी नभएपछि विभिन्न खाले टिकाटिप्पणी भइरहेको छ । यससंगै सर्लाही- ४ मा नेपाली कांग्रेसका सभापति गगनकुमार थापालाई पराजित गर्दै निर्वाचित भएका डा. अमरेशकुमार सिंहसमेत सो कार्यक्रममा सहभागी नहुँदा गुटगत राजनीतिको आशंका समेत उत्पन्न भएको छ ।

साह र सिंह सो अभिमुखीकरण कार्यक्रमको पहिलो दिन र दोस्रो दिनको कार्यक्रममा अनुपस्थितले आशंकालाई बल पुऱ्याएको छ। पार्टीले निर्वाचनपछि संसद छिर्न लागेका सांसदहरुलाई लक्षित गरी काठमाण्डुस्थित एक होटेलमा आयोजना गरेको कार्यक्रममा दुबै दिन अनुपस्थित भएपछि विभिन्न खाले आशंका उत्पन्न भएको छ ।

सभापति रवि लामिछानेले बुधबार आयोजित समापान समारोहमा बोल्दै गुटबन्दीको कुरा उठाउनु अर्को अनौठो पक्ष रहेको टिप्पणी गरे। विना सन्दर्भ उनले सांसदहरूलाई अनावश्यक गुटबन्दी नगर्न निर्देशनसमेत दिए। फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा झण्डै दुई तिहाइ मत प्राप्त गरेको रास्वपाका लागि यो निकै महत्वपूर्ण कार्यक्रमको रुपमा हेरिएको छ ।

प्रत्यक्ष र समानुपातिकतर्फका १८२ जना सांसदको जमघट, परिचयात्मक र सामूहिक अभ्यासको पहिलो चरणको कार्यक्रम सम्पन्न भयो । तर रास्वपाबाटै भावी प्रधानमन्त्रीका रुपमा अघि सारिएका बालेनले यस कार्यक्रमलाई कुनै महत्व दिएको देखिएन । मंगलबार कार्यक्रममा बोल्दै पार्टीका उपसभापति डोलप्रसाद अर्यालले पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र साह अस्वस्थ र व्यस्त भएकाले अभिमुखीकरणको पहिलो दिन उपस्थिति हुन नसकेको जानकारी गराएका थिए ।

उनले बुधबार समापानमा सकेसम्म दुवैजनालाई सहभागी गराउने बचन उनले दिएका थिए। तर बुधबार पार्टी सभापति लामिछाने सहभागी भए पनि पार्टी वरिष्ठ नेता साह भने उपस्थित नभएपछि निकै रहस्यमयको रुपमा सो कार्यक्रममा सहभागी भएका सांसदहरुले अर्थ्याउन थालेका छन् ।

सो कार्यक्रममा सहभागी नभएका बालेन भने नगरकोटमा बसेर आफ्ना सहयोगीसहित आगामी सरकारको रुपरेखा कोरि रहेको उनका निकटस्थ स्रोतले दाबी गरे । पार्टीका प्रवक्ता मनिष झाले पनि वरिष्ठ नेता बालेन आगामी सरकारको गृहकार्यको लागि शारीरिक र मानसिक रूपमा खट्नुपर्ने भएकाले अभिमुखीकरणमा सहभागी हुन नसकेको सांसदहरुलाई जानकारी गराएका थिए । जुन कुरा अघिल्लो दिनमा पार्टीका उपसभापति अर्यालले कार्यक्रममा औपचारिक रूपमै भनेको कुरासंग मेल नखाए पनि ती नेताहरुले अवगत गराउँदा पनि कसैले प्रश्न गर्न आँट गरेनन् ।

यता साह अहिलेसम्म बिमारी भएर कुनै अस्पताल भर्ना भएको कुरा पनि औपचारिक रूपमा बाहिरिएको पनि छैन । साहले आफ्नो इच्छा र चाहना विपरीत सञ्चार सम्पर्क पनि नगर्ने हुँदा उनको वास्तविक अवस्थाबारे जानकारी लिन सोझै भेट्न सकिने अवस्था पनि छैन ।

हुन त काठमाण्डु महानगर पालिकाका मेयर रहँदासमेत बालेन कसैसंग पनि भेटघाट नगर्ने र रहस्यमय ढंगले नै पालिकाको प्रशासन सञ्चालन गर्दा उनीमाथि स्वेच्छाचारी रहेको आरोप लाग्ने गरेको थियो ।



उनी अब मुलुकको भावी प्रधानमन्त्रीको रुपमा उदाउने करिब करिब निश्चित नै छ । यस्तो बेलामा पनि भेटघाटदेखि जनगुनासोलाई बेवास्ता गर्ने त होइन भन्ने प्रश्न रास्वपाका नेता तथा कार्यकर्ताहरुमा चिन्ता देखिन थालिएको छ । लोकतान्त्रिक राजनीतिक नेतृत्व सम्बन्धित पार्टीको संगठनात्मक संरचना र जनताको आधारमा निर्माण भएको हुन्छ । तर निर्वाचनको केही समयअघि मात्रै गत पुस १३ गते सात बुँदे सहमतिमा हस्ताक्षर गरेर प्रधानमन्त्री बन्ने सर्तमा रास्वपा प्रवेश गरेका नेता साहमा प्राविधिक समस्या रहेको भन्दै उनका निकटस्थहरुले बताउने गरेका छन् ।

पार्टीका वरिष्ठ नेतासमेत रहेका साह यस पटक मात्रै नभएर पार्टीका अन्य धेरै महत्वपूर्ण कार्यक्रममा सहभागी भएका छैनन् । रास्वपा सभापति लामिछाने र वरिष्ठ नेता साहले गत पुस १३ गते ७ बुँदे सम्झौता गरेका थिए। उक्त सम्झौताबाट रास्वपा वरिष्ठ नेताको जिम्मेवारी प्राप्त गरेका उनले अहिलेसम्म पार्टी सदस्यले लिनुपर्ने सपथ पनि लिएका छैनन् ।

यता पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले रास्वपाप्रति आशा, ईर्ष्या र सतर्कताको दृष्टिले हेरिनु स्वाभाविक भएको टिप्पणी गरे। सामाजिक सञ्जालमार्फत् आफ्नो धारणा सार्वजनिक गर्दै उनले फागुन २१ को आमनिर्वाचनमा रास्वपाले प्राप्त गरेको जनमतले नेपाली राजनीतिको पुनर्संरचना र पुस्तान्तरणको सन्देश दिएको उल्लेख गरे ।

भट्टराईले पार्टी सभापति लामिछानेले नवनिर्वाचित सांसदहरूलाई अभिमुखीकरणका क्रममा व्यक्त गरेका विचार सकारात्मक रहेको बताए ।

# व्यवस्थापन कमजोरी र औषधि......

अनियमितता, कर्मचारीबीचको द्वन्द्व र अदालतमा पुगेका मुद्दाहरूले सेवा प्रवाहमा थप अवरोध सिर्जना गरेका छन्। विभिन्न अन्तरिम आदेशका कारण आवश्यक निर्णयहरू ढिला हुँदा समग्र प्रणाली नै प्रभावित भएको देखिन्छ।

यसैबीच, प्रदेशका १३६ पालिकामा रहेका जनस्वास्थ्य प्रयोगशालाहरू पनि केमिकल अभावका कारण बन्द हुने अवस्थामा पुगेका छन्। उपकरण हुँदाहुँदै प्रयोग गर्न नसकिने अवस्था बनेपछि नागरिक आधारभूत स्वास्थ्य परीक्षणबाट समेत वञ्चित भइरहेका छन्।

कर्मचारी व्यवस्थापनमा पनि समस्या देखिएको छ। चालु आर्थिक वर्षमा धेरै करार कर्मचारीको सम्झौता नवीकरण नभएपछि जनशक्ति अभावले सेवा प्रवाह झन् कमजोर बनेको छ।

बजेट कार्यान्वयनमा समेत गम्भीर कमजोरी देखिएको छ। अघिल्लो वर्ष औषधि खरिदका लागि छुट्याइएको बजेट खर्च हुन सकेन भने चालु वर्षमा ठूलो बजेट विनियोजन भए पनि फागुनसम्म पुँजीगत खर्च न्यून रहेको छ। यसले मन्त्रालयको कार्यक्षमता र योजना कार्यान्वयनमाथि प्रश्न उठाएको छ।

स्वास्थ्य क्षेत्रका विज्ञहरूका अनुसार बजेट मात्र पर्याप्त हुँदैन, प्रभावकारी योजना, पारदर्शी खरिद प्रक्रिया र जिम्मेवार कार्यान्वयन आवश्यक हुन्छ। अन्यथा समस्या दोहोरिरहने उनीहरूको चेतावनी छ।

सर्वसाधारण भने सरकारको लापरबाहीबाट आफूहरू प्रत्यक्ष पीडित बनेको गुनासो गर्छन्। "सरकारी अस्पतालमा औषधि पाइँदैन, निजीमा किन्न सकिँदैन, हामी कहाँ जाने?" एक बिरमीका आफन्तले प्रश्न गरे।

मधेश प्रदेशमा स्वास्थ्य सेवा सुधारका लागि तत्काल ठोस कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ। नत्र आधारभूत स्वास्थ्य सेवाबाट नागरिक अझ बढी वञ्चित हुने खतरा बढ्दै गएको छ।

**भूकम्पबाट जोगिन सचेत बनौं**

❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।

**भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

**जनकपुरधाम उपमहानगरपालिका**

**सामाजिक सुरक्षा परिचयपत्र**
**नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**




**सामाजिक सुरक्षा भत्ताको लागि तोकिएको समय मै नाम नवीकरण गरौं ।**

सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी जानकारी
* नवीकरण अवधि: हरेक वर्षको साउन १ देखि भाद्र मसान्तसम्म।
* स्थान: सम्बन्धित वडा कार्यालय।

आवश्यक कागजातहरू:
* पुरानो सामाजिक सुरक्षा परिचयपत्र।
* नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
* हालै खिचिएको पासपोर्ट साइजको फोटो (आवश्यकता अनुसार)।

सामाजिक सुरक्षा भत्ताका मुख्य प्रकारहरू:
* जेष्ठ नागरिक भत्ता * एकल महिला/विधवा भत्ता * अपाङ्गता भएका व्यक्तिको भत्ता (पूर्ण/अति अशक्त)
* दलित बालबालिका भत्ता * लोपोन्मुख जाति भत्ता

सामान्य उद्देश्य:
* गरिबी न्यूनीकरण * सामाजिक संरक्षण * सम्मानजनक जीवनयापनमा सहयोग

**जनकपुरधाम उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

# ब्राउन सुगरसहित चार जना पक्राउ

खबर दर्पण समाचारदाता
**चैत्र ४ गते, बर्दिबास**

बर्दिबास नगरपालिका -३ गौरीडाँडास्थित बीपी राजमार्गमा प्रहरीले ठूलो परिमाणको नियन्त्रित लागुऔषध ब्राउन सुगरसहित चार जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीले विशेष सूचनाको आधार मा बर्दिबासबाट काठमाडौंतर्फ जादै गरेको प्रदेश-०२-०१-००१ च ०४४१ नम्बरको निजी स्कार्पियोबाट उक्त परिमाणको लागुऔषध बरामद गरेको हो। विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासका पहरी नायब निरीक्षक सरोजकुमार अधिकारी र इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी. विकास बमको संयुक्त कमाण्डमा खटिएको ट्राफिकसहितको टोलीले गौरीडाँडास्थित अस्थायी ट्राफिक प्रहरी पोष्ट अगाडि गए राति करिब सवा १० बजेतिर तलासी लिएको थियो।

तलासीको क्रममा स्कार्पियोमा सवार नुवाकोट सूर्यगढी गाउँपालिका -४ का ३१ वर्षीय अविरल परियारको दाहिने हातको मुट्ठीमा कालो प्लास्टिकभित्र सेतो प्लास्टिकमा लुकाइ राखिएको अवस्थामा ब्राउन सुगर फेला परेको थियो।



बरामद लागुऔषध मान्यताप्राप्त तराजुमा तौल गर्दा प्लास्टिकसहित ७५ ग्राम र शुद्ध तौल ७१.०४ ग्राम रहेको लागुऔषध नियन्त्रण ब्युरो प्रमुख अधिकारीले जनाउनुभयो। बरामद ब्राउन सुगर राजधानी काठमाडौंको वजार मूल्यअनुसार करिब १३ देखि १५ लाख रुपियाँ बराबर रहेको स्रोत छ।

सुरक्षा टोलीले सिरहा मिर्चैया नगरपालिका -८ का २१ वर्षीय गाडी चालक मुरलीकुमार रायसहित सोही गाडीमा सवार सिराहा मिर्चैया नगरपालिका -१ का २४ वर्षीय रमण घिमिरे र मिर्चैया नगरपालिका -७ घुर्मीका १९ वर्षीय सुनिल पटेललाई नियन्त्रणमा लिएको छ।

पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धान तथा कानुनी कार बाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबास बुझाइएको जनाएको छ।

# प्रधानमन्त्री कार्की चैत ६ मा जनकपुरधाम आउँदै



खबर दर्पण समाचारदाता
**चैत्र ४ गते, बर्दिबास**

प्रधानमन्त्री सुशिला कार्की चैत ६ गते जनकपुरधाम आउन लागेकी छन्। अन्तरिम सरकार सम्हालेयता प्रधानमन्त्री कार्कीको यो पहिलो जनकपुरधाम भ्रमण हुने भएको हो।

मधेसका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतो ले प्रधानमन्त्री कार्कीको जनकपुर धाम भ्रमणको पुष्टि गर्नुभयो। गत फागुन २१ गते नेपाल मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएपछि प्रधानमन्त्री कार्कीले विभिन्न धार्मिक स्थलमा पूजा-अर्चना गर्ने कार्यक्रमअन्तर्गत जनकपुरधामस्थित जानकी मन्दिर मा पूजा गर्ने कार्यक्रम रहेको जनाइएको छ।

प्रधानमन्त्रीको भ्रमणलाई लक्षित गरी मधेस प्रदेशको गृह, सञ्चार तथा कानून मन्त्रालय तथा सुर क्षा निकायका पदाधिकारी तयारीमा जुटेका छन्।

# आज चैते दसैंको घटस्थापना

खबर दर्पण समाचारदाता
**चैत्र ४ गते, बर्दिबास**

चैत्र शुक्ल प्रतिपदाका अवसर मा विहिवार देखि चैत्र दसैंको नवरात्र सुरु गरिँदै छ।

चैत्र नवरात्रका अवसरमा विहिवार हनुमानढोका दरबार मा घटस्थापना गरी विधिपूर्वक नवदुर्गा देवीको पूजाआराधना गरिँदै छ।

चैत्र नवरात्रको घटस्थापनाका लागि आज बिहान ७:५१ बजेको साइत उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले जानकारी दिए।

आज उत्तर फर्केर घटस्थापना गर्नुपर्ने साइत दिइएको पनि उनले बताए।

यस अवसरमा देशभरका देवी मन्दिर एवं शक्तिपीठमा पनि पूजाआराधना एवं उपासनाका



लागि भक्तजनको लाम लाग्ने गर्छ। शास्त्रीय नियमअनुसार वर्षमा चारवटा नवरात्र पर्ने गरेका छन्।

आसार शुक्ल पक्ष, असोज शुक्ल पक्ष, पुस शुक्ल पक्ष र माघ शुक्ल पक्ष गरी वर्षमा चार नवर त्र मनाउने गरिएको हो। नेपाली परम्परामा आसार र पुस शुक्ल पक्षको नवरात्रलाई लुप्त नवरात्र पनि भनिन्छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,